## मिति २०७७।०५।१७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १५।०७७

१. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७७ स्वीकृत गर्ने।

२. प्रशासन तथा विधेयक समितिबाट परिमार्जन सहित पेश भएको प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ स्वीकृत गर्ने।

३. प्रदेश कानून मस्यौदा समितिको सदस्यको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवलाई थप गरी समिति परिमार्जन गर्ने।

४. मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची हेरफेर गर्ने।

५. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ स्वीकृत गर्ने।

६. घरेलु तथा साना उद्योग कार्यालयमा कार्यरत साविक समिति तर्फका अस्थायी कर्मचारीहरूको म्याद थप गर्ने।

७. ताल संरक्षण तथा विकास प्राधिकरणको लागि अस्थायी दरवन्दी स्वीकृत गर्ने।